९८।६८
०६८७।४।२५

नेपाल सरकार
श्रम तथा रोजगार मन्त्रालय
सिंहदरवार, काठमाण्डौं ।

**विषय:- व्यक्तिगत श्रम स्वीकृतिमा वैदेशिक रोजगारमा जाने कामदारको श्रम स्वीकृति लिने प्रक्रिया सम्बन्धी निर्देशिका,२०६९ स्वीकृत गर्ने ।**

**प्रस्ताव पेश गर्ने विभागीय मन्त्रीबाट स्वीकृति प्राप्त मिति २०६९।०४।२३**

१. **विषयको संक्षिप्त व्यहोरा :-**

बैदेशिक रोजगार ऐन २०६४ को दफा २१ बमोजिम कुनै पनि नेपाली नागरिक व्यक्तिगत रुपमा बैदेशिक रोजगारीमा जान सक्ने व्यवस्था रहेको छ । व्यक्तिगत तवरबाट रोजगारीमा जाँदा गन्तव्य देशमा कामदारहरु कठिनाईमा परेका, उद्धारगर्न समस्या परेको तथा उनीहरुको सुरक्षा एवं पेशा सम्बन्धमा समेत एकिन हुन नसक्दा विविध समस्याहरु आएको तथा विदेशस्थित दुतावासहरुको भूमिका पनि थप स्पष्ट गर्नु परेकोले व्यक्तिगत श्रम स्वीकृतिमा बैदेशिक रोजगारमा जाने कामदारहरुको श्रम स्वीकृति प्रक्रियालाई व्यवस्थित गर्न निर्देशिका जारी गर्नु परेको ।

२. **प्राप्त परामर्श तथा अन्य प्रासंगिक कुरा :-**

व्यक्तिगत श्रम स्वीकृतिमा बैदेशिक रोजगारमा जाने कामदारहरुको श्रम स्वीकृति लिने प्रक्रिया सम्बन्धमा परराष्ट्र मन्त्रालयबाट मिति २०६९।३।५ मा राय सुझाव प्राप्त भएको छ ।

३. **प्रस्ताव पेश गर्नाको कारण र मन्त्रालयको सिफारिश :-**

बैदेशिक रोजगार ऐनमा व्यक्तिगत रुपमा बैदेशिक रोजगारीमा जान सक्ने व्यवस्था रहेको छ । यसरी रोजगारीमा जाँदा त्यस्ता देशमा कामदारहरु कठिनाईमा परेका, उद्धारगर्न समस्या परेको तथा उनीहरुको सुरक्षा एवं पेशा सम्बन्धमा समेत विविध समस्याहरु आएको तथा विदेशस्थित दुतावासहरुको भूमिका पनि स्पष्ट गर्नु परेकोले व्यक्तिगत श्रम स्वीकृतिमा बैदेशिक रोजगारमा जाने कामदारहरुको श्रम स्वीकृति प्रक्रियालाई व्यवस्थित गर्न व्यक्तिगत श्रम स्वीकृतिमा वैदेशिक रोजगारमा जाने कामदारको श्रम स्वीकृति लिने प्रक्रिया सम्बन्धी निर्देशिका, २०६९ जारी गर्नको लागि मन्त्रिपरिषदमा प्रस्ताव पेश गर्नेगरी माननीय मन्त्रीज्यूबाट मिति २०६९।०४।२३ मा स्वीकृती प्राप्त भएकोले नेपाल सरकार (कार्यसम्पादन) नियमावली २०६९ को अनुसूची १ को विषय संख्या १६ बमोजिम प्रस्ताव पेश गरिएको छ ।

३. **निर्णय हुनुपर्ने व्यहोरा :-**

१. प्रस्ताव साथ संलग्न पाना ५ को "व्यक्तिगत श्रम स्वीकृतिमा बैदेशिक रोजगारमा जाने कामदारको श्रम स्वीकृति लिने प्रक्रिया सम्बन्धी निर्देशिका, २०६९" स्वीकृत गर्ने ।

२. बुँदा नं.(१) बमोजिमको निर्देशिका हाल साउदी अरेविया, कतार, कुवेत र संयुक्त अरब इमिरेट्समा लागु गर्ने र पछि आवश्यकतानुसार थप देशहरु श्रम तथा रोजगार मन्त्रालयले तोक्ने ।

**मिति २०६९।४।२३**

(सोमलाल सुवेदी)
सचिव

श्री सचिव,
श्रम तथा रोजगार मन्त्रालय.।

व्यक्तिगत श्रम स्वीकृतिमा वैदेशिक रोजगारमा जाने कामदारको श्रम स्वीकृति लिने प्रक्रिया सम्वन्धी निर्देशिका, २०६९ स्वीकृत गर्ने विषयको श्रम तथा रोजगार मन्त्रालयको नं. १९।६-०६९।४।२४ को प्रस्ताव मं.प.बै.सं. ३१।०६९ मिति २०६९।५।११ को मन्त्रिपरिषद्को वैठकमा पेश हुँदा त्यसमा नेपाल सरकार, मन्त्रिपरिषद्ले देहायबमोजिम निर्णय गरेकाले सोबमोजिम कार्यान्वयन हुन नेपाल सरकार (कार्यसम्पादन) नियमावली, २०६४ को नियम २९ वमोजिम अनुरोध गरेकोछु —

नेपाल सरकारको निर्णय —

"प्रस्तावमा लेखिएबमोजिम गर्ने ।"

( लीलामणि पौडयाल )
मुख्यसचिव
२०६९।५।११

# व्यक्तिगत श्रम स्वीकृतिमा वैदेशिक रोजगारमा जाने कामदारको श्रम स्वीकृति लिने प्रक्रिया सम्बन्धी निर्देशिका–२०६९

व्यक्तिगत रुपमा वैदेशिक रोजगारमा जाने नेपाली कामदारहरुको श्रम स्वीकृतिको प्रक्रियालाई व्यवस्थित गर्न आवश्यक भएकोले सुशासन (व्यवस्थापन तथा संचालन) ऐन, २०६४ को दफा ४५ बमोजिम नेपाल सरकारले देहायको निर्देशिका बनाई लागू गरेको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ :**

(१) यस कार्यविधिको नाम "व्यक्तिगत श्रम स्वीकृतिमा वैदेशिक रोजगारमा जाने कामदारको श्रम स्वीकृति लिने प्रक्रिया सम्बन्धी कार्यविधि, २०६९" रहको छ ।

(२) यो कार्यविधि नेपाल सरकारले तोकेका मुलुकहरुमा लागु हुनेछ ।

(३) यो कार्यविधि नेपाल सरकारले स्वीकृत गरेको मितिबाट लागु हुनेछ ।

२. **परिभाषा** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा-

(क) "नियमावली" भन्नाले वैदेशिक रोजगार नियमावली, २०६४ सम्झनु पर्छ ।

(ग) "करार" भन्नाले कामदार र रोजगारदाता संस्था वा व्यक्ति (Sponser) वीच भएको संझौता सम्झनु पर्छ ।

(घ) "व्यक्तिगत श्रम स्वीकृति लिई जाने कामदार" भन्नाले वैदेशिक रोजगार ऐन २०६४ को दफा २१ बमोजिमको प्रक्रियाबाट बिदेशमा काम गर्न जाने नेपाली कामदार संझनु पर्दछ ।

(ङ) "राजदुतावास" भन्नाले विदेश स्थित नेपाली राजदुतावासलाई जनाउँदछ । यस शब्दले नेपाली राजदुतावासको अधिकार क्षेत्रको प्रयोग गर्ने गरी स्थापित स्थायी नियोग वा कन्सुलर अफिस वा वाणीज्य दुतावास समेतलाई जनाउँदछ ।

(च) "नाता" भन्नाले सम्बन्धित व्यक्तिको आमा, बाबु, छोरा, छोरी, दाजु, भाई, दिदी, बहिनी, पति, पत्नीलाई जनाउँदछ ।

(छ) "विभाग" भन्नाले वैदेशिक रोजगार विभाग सम्झनु पर्नेछ ।

३ः **प्रमाणीकरणका लागि कागजातहरु नेपाली राजदुतावासमा पेश गर्नु पर्नेः**

(१) व्यक्तिगत श्रम स्वीकृतिमा वैदेशिक रोजगारमा जान चाहने व्यक्तिले रोजगारदाता कम्पनी वा Sponsor मार्फत अंग्रेजी भाषामा अनुवाद गरिएका देहायका कागजात संलग्न गरी अनुसूची–१ बमोजिमको ढाँचामा राजदुतावास समक्ष प्रमाणीकरणका लागि निवेदन दिनु पर्नेछ :-

(क) राहदानीको प्रतिलिपि,

(ख) सम्बन्धित सरकारबाट जारी भएको प्रवेशाज्ञाको प्रतिलिपि,

(ग) रोजगारका सेवा, शर्त, सुविधा र तलव (पारिश्रमिक) स्पष्ट उल्लेख भएको करार वा सम्झौतापत्रको प्रतिलिपि,

(घ) रोजगारदाताको ईजाजत दर्ता प्रमाणपत्रको प्रतिलिपि वा Sponsor को परिचयपत्रको प्रतिलिपि,रोजगारदाता कम्पनीको ट्रेड लाईसेन्सको प्रतिलिपि वा निजी कामदारको हकमा रोजगारदाताको राहदानी वा परिचयपत्रको प्रतिलिपि ।

(ङ) संस्थामा जाने कामदारहरुको हकमा कम्पनीको संक्षिप्त विवरण (प्रोफाइल),

(च) गन्तव्य मुलुकको सरकारले रोजगारदाता संस्थालाई वा Sponsor लाई दिएको स्वीकृतिपत्र,

(छ) दफा २ को खण्ड (च) बमोजिमको नाता खुल्ने कागजात,

(ज) भिसा सिफारिश गर्ने व्यक्तिले सम्बन्धित मलुकमा बस्न अनुमति प्राप्त गरेको प्रमाण पत्रको प्रतिलिपि,

(२) नाता खुल्ने कागज पेश गर्न नसकेमा निम्न अवस्थामा कम्पनी, घरायसी वा निजी कामदारको रुपमा रोजगार गर्ने प्रयोजनका लागि राजदुतावासले देहायका आधारमा प्रमाणित गर्न सक्नेछ

(क) कामदार स्वदेश फर्कनु अघि गन्तव्य मुलुकमा निजले काम गरिसकेको सो व्यहोरा कागजातबाट खुल्न आएमा,

(ख) पहिले रोजगार गरिसकेको मुलुक र कम्पनीमा पुनः रोजगार गर्न जान लागेको भए सम्बन्धित कम्पनीको सिफरिश,

(ग) ईन्टरनेट वा अनलाईन माध्यमबाट विदेशमा रोजगार खोजी अनलाईन अर्न्तवार्ताबाट छनौट भएका अर्ध दक्ष, दक्ष वा उच्च दक्ष पदमा काम गर्ने व्यक्तिले पेश गरेको कागजातबाट सो व्यहोरा देखिन आएमा त्यस्ता कागजात,

(घ) राजदुतावास रहेका मुलुकका सरकारी निकाय वा कुटनीतिक नियोग वा सम्वद्ध पदाधिकारीहरुबाट लिखित रुपमा अनुरोध भई आएमा,

(ङ) Sponsor को विश्वनीयता, निर्धारित न्यूनतम पारश्रमिकको सुनिश्चिता, कामदारको सुरक्षाको प्रत्याभूति गरिएका प्रमाण पेश भएमा ।

(च) दुई देश बीच श्रम संझौता भएको भए सो बमोजिम हुने गरी,

(३) उपदफा (१) बमोजिम निवेदन प्राप्त भएपछि राजदुतावासले निवेदकको माग उपयुक्त देखेमा निवेदन परेको ३ दिन भित्र प्रवेशज्ञा र रोजगार करारनामा सहित निवेदन प्रमाणिकरण गर्नुपर्नेछ ।

तर कुनै इजाजतपत्रवालाले व्यक्तिगत रुपमा कामदार पठाउने उद्देश्यले यस्तो प्रमाणीत गर्न माग गरेको शंका लागेमा छानविन गर्दा प्रमाणिकरण गर्न नमिल्ने भए तीन दिनभित्र सो कुराको जानकारी दिनु पर्नेछ ।

(४) घरेलु कामदारको हकमा करारनामा प्रमाणित गर्दा नेपाल सरकारबाट स्वीकृत घरेलु कामदार सम्बन्धी कार्यविधि, २०६७ मा भएको व्यवस्था अनुसार गर्नु पर्नेछ ।

४. **राजदुतावासको काम कर्तब्य :** व्यक्तिगत श्रम स्वीकृतिमा वैदेशिक रोजगारीमा जाने नेपाली कामदारहरुको प्रमाणीकरण तथा व्यवस्थापन सम्बन्धी काम कर्त्तब्य देहाय बमोजिम हुनेछ :

(१) प्रमाणीकरणको विवरण दुतावासको वेव साइटमा अद्यावधिक राख्ने,

(२) राजदुतावासमा कागजात प्रमाणिकरण भएका कामदारहरुले श्रम स्वीकृति लिएको विषयमा वैदेशिक रोजगार विभागबाट प्राप्त जानकारीहरु अभिलेखमा राख्ने ।

(३) कामदारहरु कार्यरत रहेका स्थानको अभिलेख अद्यावधिक राख्ने,

(४) नेपाली कामदार रहेको क्षेत्र, कम्पनी तथा घरको नियमित अनुगमन गर्ने, साथै अनुगमन गर्दा करारमा उल्लेख भए बमोजिमको सेवा, शर्त, तथा सुविधा नपाएको गुनासो प्राप्त भएमा सम्बन्धित रोजगारदातासंग करारमा उल्लेख भएका सेवा, शर्त, तथा सुविधा उपलब्ध गराउन पहल गर्ने । आवश्यकता अनुसार प्रशासनिक वा न्यायिक कारवाईको प्रकृया अगाडि बढाई नेपाली कामदारको हित संरक्षण गर्ने ।

(५) एउटा मुलुक वा रोजगारदाता कम्पनीका लागि लिएको श्रम स्वीकृति अर्को मुलुक वा रोजगारदाता कम्पनीमा प्रयोग गर्न नपाउने गरी नियन्त्रणको व्यवस्था मिलाउने र एउटा मुलुक वा कम्पनीको लागि लिएको स्वीकृति अर्को मुलुक वा कम्पनीमा प्रयोग गरी दरुपयोग गरेको पाईएमा कारवाहीको लागि कानूनी प्रक्रिया प्रारम्भ गर्ने ।

५. **बीमा तथा अन्य सुविधाको निर्धारण गर्न सक्ने :** व्यक्तिगत श्रम स्वीकृतिमा जाने नेपाली कामदार कार्यरत रहने कम्पनी वा sponsor ले रोजगारदाता मुलुकको कानुन बमोजिम वीमा गर्नु पर्ने छ । करार प्रमाणीकरणको लागि राजदूतावासमा निवेदन पेश गर्दा वीमा नगरेको भए कामदार सम्बन्धित मुलुकमा पुगेको तीन महिना भित्र वीमा गर्ने पूर्व शर्त सहित प्रमाणीकरण गर्न सकिनेछ ।

६. **प्रतिनिधि तोक्न सक्ने:** नेपाली राजदुतावास नभएको मुलुकमा व्यक्तिगत रुपमा वैदेशिक रोजगारमा जान चाहनेहरुको कागजपत्र प्रमाणित गर्न परराष्ट्र मन्त्रालयले प्रतिनिधि तोक्ने लगायतको उपयुक्त व्यवस्था गर्न सक्नेछ ।

७. **निर्देशन दिन सक्ने:** व्यक्तिगत श्रम स्वीकृतिको प्रमाणीकरण सम्बन्धी प्रक्रियाका बारेमा नेपाल सरकार, श्रम तथा रोजगार. मन्त्रालयले परराष्ट्र मन्त्रालयसंग आवश्यकतानुसार परामर्श गरी निर्देशनहरु जारी गर्न सक्ने छ र यसको पालना गर्नु वैदेशिक रोजगार विभाग र राजदुतावास तथा कामदारको कर्तव्य हुनेछ ।

८. **विविध:**

(१) विदेशमा कामदार झिकाउन अनुसुची १ र २ बमोजिम दरखास्त पेश गर्ने नातेदार वा Sponsor ले रोजगार मुलुकमा निज कामदारको अवस्था र सुरक्षाका सम्बन्धमा जिम्मेवारी वहन गर्नु पर्ने छ ।

(२) यस निर्देशिकामा जुन सुकै कुरा लेखिएको भएतापनि बैदेशिक रोजगार ऐन, २०६४ तथा बैदेशिक रोजगार नियमावली, २०६४ को अधिनमा रहि विभागले उपयुक्त ठहराएको विषयमा आवश्यक निर्णय गर्न बाधा पर्ने छैन ।

अनुसूचि १

# Embassy of Nepal

..........................

## Individual Application

1. Name of Company :
    a. Address :
    b. Contact No.
        i. Tel
        ii. Fax
        iii. E-Mail
    c. Name and contact no. of HR Manager:
2. Submitted By :
    a. Name :
    b. Address in Destination Country :
        i. Residence :
        ii. Company :
    c. Contact No.: Tel:..................................Mobile:...............................
    d. ID No.
    e. Passport No. :
    f. Relation with Employee :
    g. If submitted by Nepali nationals :
        i. Address in Nepal :
        ii. District :
        iii. Municipality/VDC : .................................. Ward & Tole :

**Description of Demands.**

| SN | Classification (Trade) | Numbers | Salary | Remarks |
|---|---|---|---|---|
| | | | | |

---

**(For Official Use Only)**

Fee Paid In ............................ Receipt No. .............................. Reg No. .................

Checked By: Verified & Attested By: Approved By:

Note: Subject to change by the Embassy as per the requirement.

अनुसूची –२
वैदेशिक रोजगार ऐन २०६४ को दफा २१ संग सम्बन्धित
**व्यक्तिगत श्रम स्वीकृतिकालागि निवेदन फारम**

श्रीमान महानिर्देशकज्यू
वैदेशिक रोजगार विभाग,
तिनकुने, काठमाण्डौ ।

विषय : विदेशमा काम गर्न जाने स्वीकृति पाउँ ।

मिति : ......................................

मेरो व्यक्तिगत प्रयासबाट ................................ देशको .......................... शहरको ...................................... कम्पनी मार्फत भिषा र सम्झौतापत्र प्राप्त भएको छ । मेरो व्यक्तिगत विवरणहरु र आवश्यक कागजातहरु यसै निवेदनमा उल्लेख गरी पेश गरेको छु । उक्त कागजातहरुको वास्तविकता, प्रमाणिकता र सेवा सम्बन्धी शर्त तथा सुविधाको सम्बन्धमा म आफु स्वयम नै जिम्मेवार रहने गरी वैदेशिक रोजगार ऐन, २०६४ को दफा २१ बमोजिम वैदेशिक रोजगारमा जान अनुमति पाउँ भनि आफ्नो फोटो र रु १०/- को टिकट टाँसी यो निवेदन पेश गरेको छु ।

**व्यक्तिगत विवरण**

| | | | | | |
|---|---|---|---|---|---|
| नाम थर | | स्थायी ठेगाना (क) | जिल्ला : | | |
| राहदानी नं. | | | गा.वि.स./न.पा : | | वडा : |
| जन्म मिति | | अस्थायी ठेगाना (ख) | जिल्ला : | | |
| लिंग | | | गा.वि.स./न.पा : | | वडा : |
| राहदानी जारी मिति | | विमा कम्पनीको नाम | | | |
| सम्पर्क फोन नं. | | ओरियन्टेशनको विवरण | छ/छैन/आगमन | | |
| पत्राचारको ठेगाना | | बाबु/आमा/पति/पत्निको नाम | | | |
| अभिभावक वा सम्पर्क व्यक्तिको नाम | | ठेगाना: जिल्ला:.................. | गा वि.स./ न.पा<br>टोल: | | फोन वा मोवाइल नं |

**रोजगार सम्बन्धी विवरण**

| | | | |
|---|---|---|---|
| कम्पनीको नाम | | ठेगाना | |
| काम गर्ने पद | | फोन न: | |
| मासिक तलव | | प्रतिहप्ता काम गर्ने समय | |
| करार अवधि | | प्रतिदिन काम गर्ने समय | |
| भिषा लागेको मिति | | खना सम्बन्धी व्यवस्था | |
| भिषा भुक्तान हुने मिति | | अन्य केही भए | |

**संलग्न कागजातहरु**

(क) राहदानीको प्रतिलिपि,
(ख) सम्बन्धित सरकारबाट जारी भएको प्रवेशाज्ञाको प्रतिलिपि,
(ग) रोजगारका सेवा, शर्त, सुविधा र तलव (पारिश्रमिक) स्पष्ट उल्लेख भएको करार वा सम्झौतापत्रको प्रतिलिपि,
(घ) रोजगारदाताको ईजाजत दर्ता प्रमाणपत्रको प्रतिलिपि वा Sponsor को परिचयपत्रको प्रतिलिपि,रोजगारदाता कम्पनीको ट्रेड लाईसेन्सको प्रतिलिपि वा निजी कामदारको हकमा रोजगारदाताको राहदानी वा परिचयपत्रको प्रतिलिपि ।
(ङ) संस्थामा जाने कामदारहरुको हकमा कम्पनीको संक्षिप्त विवरण (प्रोफाइल),
(च) गन्तव्य मुलुकको सरकारले रोजगारदाता संस्थालाई वा Sponsor लाई दिएको स्वीकृतिपत्र,
(छ) दफा २ को खण्ड (च) बमोजिमको नाता खुल्ने कागजात,
(ज) भिसा सिफारिश गर्ने व्यक्तिले सम्बन्धित मलुकमा बस्न अनुमति प्राप्त गरेको प्रमाण पत्रको प्रतिलिपि,

| **नेपालमा निजको नजिकको नातेदारको विवरण:** | |
|---|---|
| नाम : | |
| नाता : | |
| ठेगाना : | |
| सम्पर्क फोन/मोवाइल नं. : | |

| **कामदार जाने मुलुकमा रहेको संरक्षकको विवरण** | |
|---|---|
| नाम थर : | रजिष्ट्रेसन नं |
| राहदानी नं : | फोन नं |
| **नेपालको ठेगाना :** | |
| कार्यरत कम्पनीको नाम | ठेगाना |
| फोन नं | फ्याक्स नं |

| | |
|---|---|
| वैदेशिक रोजगारीको लागि मैले यस विभागमा मेरोपेश गरेको भिषा, सम्झौता पत्र, ग्यारेण्टी पत्र, दुतावासको पत्र आदी कागजातहरु म स्वयमले मगाएको हुँ । कागजातहरुको वास्ताविकता माथि म स्वयम जवाफदेही हुनेछु । फरक छैन, फरक परे ऐन कानुन बमोजिम सहुँला बुझाउँला भनि वैदेशिक रोजगार विभाग समक्ष सही छाप गरि दिएँ ।<br><br>दाँया बाँया | यससाथ संलग्न सम्पुर्ण कागजात तथा माथि लेखिएको व्यहोरा साँचो हो । झुठ्ठा ठहरे कानुन बमोजिम सहुँला बुझाउँला ।<br><br>निवेदक :<br>नाम थर :<br>फोन नं. :<br>मिति :<br>दस्तखत : |

९३२२
०६६।३।६

नेपाल सरकार

# परराष्ट्र मन्त्रालय

काठमाण्डौ, नेपाल

पश्चिम एशिया तथा अफ्रिका महाशाखा

नेपाल सरकार परराष्ट्र मन्त्रालय काठमाण्डौ

द. ११२९
३।६

मिति २०६९/०३/०५

प.सं: पएअ ४५५/६८–६९

श्री श्रम तथा रोजगार मन्त्रालय,
सिंहदरवार ।

श्रम तथा रोजगार मन्त्रालय
दर्ता नं.: ४९९८
मिति: ३।५

विषय: राय/प्रतिक्रिया पठाईएको सम्बन्धमा ।

उपरोक्त सम्वन्धमा तहाँको प.सं.०६८।६९, च.नं.६७९, मिति २०६९।०२।०३ को पत्रवाट व्यक्तिगत श्रम स्वीकृतिमा वैदेशिक रोजगारमा जाने नेपाली कामदारहरुको श्रम स्वीकृतिको प्रकृयालाई व्यवस्थित गर्न वनेको कार्यविधिको मस्यौदा-२०६९ का वारेमा राय/प्रतिक्रिया माग भएकोमा नेपाली राजदूतावासहरु समेतवाट प्राप्त राय/सुझावहरु यसैसाथ संलग्न गरी तहाँ प्रेषित गरिएको व्यहोरा निर्देशानुसार अनुरोध छ ।

(विशाल भट्टराई)
शाखा अधिकृत